## नगर कार्यपालिका बैठक, बैठक संख्या १९/०७९/०८०

आज मिति २०८० साल जेष्ठ १८ गते, विहिबार दिनको २:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

**उपस्थिती:**

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री अइन्द्र विक्रम बेघा | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री मातृका भट्टराई | प्रमुख प्रशासकीय अधिकृत(सचिव) | धरान उपमहानगरपालिका | |

| क्रस | नाम | पद | | दस्तखत |
|---|---|---|---|---|
| १ | राजेन्द्र [illegible] | को.व. अध्यक्ष | धरान-०६ | |
| २ | | | | |
| ३ | श्री शम्भु प्रसाद पाण्डे | शाखा अधिकृत | धरान उपमहानगरपालिका | |

**मिति २०८०/०२/१८ गते धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको बैठकमा भएको छलफल र निर्णय भएको विषयहरुः**

१. **बैठकको गणपुरक संख्या सम्बन्धमाः–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा ३० जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुँदा अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

२. **अघिल्लो कार्यपालिका वैठकको निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमाः–**

यस अघि मिति २०८० वैशाख ३१ गते कार्यपालिकाको वैठक वसेको र उक्त वैठकबाट १३ वटा निर्णयहरु भएका थिए। उक्त निर्णयहरुमध्ये निर्णय नं. ५ को लक्ष्मी प्रसाद वन सम्बन्धी निर्णय आजको वैठकमा पेश भएको र अन्य निर्णयहरुमा केहि कार्यान्वयन भइसकेका र केहि निर्णयहरु कार्यान्वयनको अवस्थामा रहेको व्यहोरा वैठकलाई जानकारी भयो।

३. **ससकोशीबाट खानेपानी ल्याउन एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना अन्तर्गत संघीय बजेट परिसकेको हुँदा बराह नगरपालिका लगायतका निकायहरुसँग समन्वय गर्ने सम्बन्धमाः-**

संघीय सरकारबाट जारी भएको आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक वजेटमा ससकोशीबाट खानेपानी ल्याउन एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना अन्तर्गत संघीय बजेटमा छुट्टिएको हुँदा उक्त आयोजनालाई कार्यान्वयन गर्नका लागि बराह नगरपालिका लगायतका अन्य निकायहरुसँग आवश्यक समन्वय गर्न नगर प्रमुखज्यूको अध्यक्षतामा ५(पाँच) जना समन्वय समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिल</u>

क. श्री हर्कराज राई- नगरप्रमुख, अध्यक्ष

ख. श्री धनबहादुर राई- वडाध्यक्ष, वडा नं. ४, सदस्य

ग. श्री लोकेन्द्रकुमार फागु, वडाध्यक्ष, वडा नं. ११, सदस्य

घ. श्री नेत्रप्रसाद काफ्ले, वडाध्यक्ष, वडा नं. १३, सदस्य

ङ. श्री नरेन्द्रकुमार राई, वडाध्यक्ष, वडा नं. १८, सदस्य

४. **धरान उपमहानगरपालिकाको साँध सिमाना यकिन गरी आफ्नो भौगोलिक क्षेत्राधिकार निश्चित गर्ने सम्बन्धमाः-**

धरान उपमहानगरपालिका र ईटहरी उपमहानगरपालिका विच देखिएको सिमा विवादको समस्याको हल गर्नका लागि जिल्ला समन्वय समिति सुनसरी लगायतका सम्बन्धित निकायमा पत्रचार गर्ने सर्वसम्मत निर्णय गरियो।

५. **धरान-१५ निवासी लक्ष्मी प्रसाद वनको निवेदन सम्बन्धमाः-**

धरान-१५ निवासी लक्ष्मी प्रसाद वनले निजको नाममा कायम रहेको हाल धरान-१५ साविक बाझँगरा २ क कित्ता नं. ६२१२ को क्षेत्रफल ०-०-१४ जग्गामा मात्र एकलौटी पर्ने गरी उक्त सडक (हिन्दुपती मार्ग) निर्माण उपभोक्ता समितिबाट ड्रेन निर्माण भएको सम्बन्धमा अदालतबाट क्षतिपुर्ती भराउने गरी फैसला भएकोमा उक्त बाटोको नाम निजको समेत पहिचान जोडिने गरी परिवर्तन भएमा क्षतिपुर्ती माग नगर्ने भनी दिएको निवेदन सम्बन्धमा उक्त लक्ष्मी प्रसाद वनको निवेदन सम्बन्धी निर्णय हाललाई स्थगीत गर्ने सर्वसम्मत निर्णय गरियो।

६. **विविधः-**

**क. प्रोत्साहन/आर्थिक सहयोगः-**

- इन्टरनेसनल युथ पोष्टले आयोजना गरेको अन्तराष्ट्रिय प्रतियोगितामा १९६५ प्रतिष्पर्धी मध्ये तेस्रो स्थान हासिल गरी नेपाललाई अन्तराष्ट्रिय स्तरमा चिनाउन सफल भएकी धरान उपमहानगरपालिका वडा नं. १६ निवासी श्री सरस्वती राईले प्रतियोगिताको नियमानुसार दक्षिण कोरिया, युरोप, अफ्रिका लगायतका विभिन्न देशहरुमा आफ्नो देशको मौलिकता, सांस्कृतिक, रितिरिवाज, भाषा, पर्यटन, भेषभुषाहरुबाट देशको चिनारी तथा गरिमा बढाउन माथि उल्लेखित देशहरुमा भ्रमणका लागि सहयोग माग भए बमोजिम निज सरस्वती राईलाई प्रोत्साहन स्वरुप रु. २५,०००/-(अक्षेरुपी रु. पच्चिस हजार) दिने सर्वसम्मत निर्णय गरियो।

- श्री दिपेन्द्र स्मृती आधारभुत विद्यालयमा कार्यरत कर्मचारी निर्मला तामाङ्गको देहवासन भएकोले निजको काजक्रिया खर्चका लागि मृतकको श्रीमान इसु कुमार तामाङ्गले आर्थिक सहयोगका लागि दिइएको निवेदन साथै विद्यालयको सिफारिसको आधारमा स्व. निर्मला तामाङ्गको काजक्रिया खर्च स्वरुप रु. १५,०००/-(अक्षेरुपी रु. पन्ध्र हजार) उपलब्ध गराउँने सर्वसम्मत निर्णय गरियो।
- यस धरान उपमहानगरपालिकाको वारुणयन्त्र चालक रमेशकुमार खत्रीको श्रीमती वाल कुमारी खत्रीको उपचार सहयोगका लागि रु. २५,०००/-(अक्षेरुपी रु. पच्चिस हजार) दिने सर्वसम्मत निर्णय गरियो ।
- खेमलाल वि.क., धरान-१५ उपचार सहयोगका लागि रु. १५,०००/-(अक्षेरुपी रु. पन्ध्र हजार) दिने सर्वसम्मत निर्णय गरियो।

**ख. भू-उपयोग सम्बन्धीः-**

यस धरान उपमहानगरपालिकाको मिति २०७९।०६।१३ गतेको कार्यपालिका वैठकबाट नगर क्षेत्रमा कृषि क्षेत्र भनि निर्धारण गरिएको निर्णयमा तपसिल बमोजिम जग्गा छुट भएकाले उक्त जग्गालाई समेत कृषि क्षेत्र कायम गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिल</u>

| क्रस | नाम | ठेगाना | साविक | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | कर्णबहादुर राई | धरान-४ | बाझगरा ८(ज) | ७३ | ०-५-० |
| २ | मंगलसिंह लिम्बु (निवेदक) आङबुहाङ एग्रिकल्चर एण्ड लाईभस्टक फर्म | धरान-४ | बाझगरा ४(क) | १३५ | ०-१५-० |
| ३ | विष्णुकुमार सुनुवार | धरान-५ | बाझगरा ५(घ) | ८२४ | ०-२-० |

**ग. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत सम्बन्धमा।:-**

यस धरान उपमहानगरपालिका वडा नं. ६, पानबारीमा औधोगीक ग्राम स्थापना तथा सञ्चालनका लागि प्रारम्भिक बातावरणीय परीक्षण गर्न छनौट भएका परामर्श दाताबाट नियमानुसार प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environment Examination) गरी पेश गरेको प्रतिवेदन उपमहानगरपालिकामा गठित प्राविधिक समितिले अध्ययन, छलफल, विश्लेषण र पुनरावलोकन गरी पेश भएको धरान उपमहानगरपालिकाको वडा नं. ६, पानबारीमा औधोगिक ग्राम स्थापना तथा सञ्चालनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

**घ. मदन भण्डारी राजमार्ग तथा खहरे करिडोर निर्माण सम्बन्धमा :-**

मिति २०८०।०२।१६ गतेका दिन धरान उपमहानगरपालिका वडा नं. ८ का वडाध्यक्ष धनबहादुर राईको अध्यक्षता बसेको सर्वदलिय वैठकको निर्णय अनुसार खहरे करिडोर निर्माण गर्ने क्रममा मदन भण्डारी राजमार्गको उत्तर तर्फ ठेक्काको काममा निजि जग्गा समेत परेको हुँदा सो जग्गालाई छोडी उत्तर तर्फ सहमती मार्ग देखि उत्तर तर्फ यायोक्खा भवन छेउको पुल सम्म निर्माणका लागि सडक डिभिजन कार्यालय विराटनगरलाई सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

**ङ. रकमान्तर सम्बन्धमा :-**

मिति २०८०।०२।११ गते देखि संचालन भईरहेको दोश्रो सुवास राई स्मृति सुपर ८ प्रतियोगिताको लागि छुट्टाईएको कुल बजेट ७,००,०००/-(अक्षेरुपी रु. सात लाख) मध्ये मिति २०७९ माघ १५ गतेको बाह्रौ नगर सभाको निर्णय बमोजिम ३,००,०००/-(अक्षेरुपी रु. तिन लाख) रुपैया बुढासुब्बा गोल्डकपलाई रकमान्तर गरिएकोमा बाँकी ४,००,०००/-(अक्षेरुपी रु. चार लाख) रकमबाट सुवास राई स्मृति प्रतियोगिता गर्न अपुग भएको हुँदा खेलकुद बजेट शिर्षक अन्तर्गत नं. १३ को नगर खेलकुद मैदानहरुको तथ्याङ्क संकलन तथा अभिलेखन शिर्षकको विनियोजित ३,००,०००/-(अक्षेरुपी रु. तिन लाख) रुपैया दोस्रो सुवास राई स्मृती प्रतियोगिता शिर्षकमा रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो।

च. **कर्मचारीहरुको तह वृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको कार्यविधि-२०८० सम्बन्धमा :-**

कोशी प्रदेश सरकारबाट मिति २०८०।०१।१४ गते जारी भएको स्थानीय सेवाको गठन, संचालन र सेवा शर्तहरुको सम्बन्धमा व्यवस्थापन गर्न जारी गरिएको अध्यादेश, २०८० मा व्यवस्था भए बमोजिम स्थानीय तहले स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तहबृद्धि गर्दा उक्त अध्यादेशको दफा १५४ मा व्यवस्था भए बमोजिम यस कार्यालयको मिति २०८०।०२।०४ गतेको निर्णायानुसार धरान उपमहानगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको तह बृद्धि सम्बन्धी निर्देशिका २०८० को मस्यौदा आवश्यक परामर्शका लागि प्रदेश लोक सेवा आयोग कोशी प्रदेश, विराटनगरमा पठाइएकोमा प्रदेश लोक सेवा आयोग कोशी प्रदेशको च.नं. १७६५ मिति २०८०।०२।१६ गतेको आवश्यक निर्देशन सम्बन्धी पत्रमा दिइएको निर्देशन बमोजिम कर्मचारीहरुको तह बृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न तयार गरिएको कार्यविधि-२०८० पारित गर्ने सर्वसम्मत निर्णय गरियो। उक्त कार्यविधि प्रमाणित गरी पछाडी पानामा टाँस गरिएको छ।

छ. **पशु भ्याक्सिनको दररेट सम्बन्धमा :-**

धरान उपमहानगरपालिका क्षेत्रभित्र रहेका बाख्रा/भेडालाई लगाउँने PPR खोप लगाउँन जाने भ्याक्सिनेटरलाई नेपाल सरकारले स्वीकृत गरेको रु. ५(पाँच) मात्र भएको तर यहाँको भौगोलिक अवस्थाले धेरै दुर्गम गाँउ र पहाडमा मात्र पशु पालन भएको र पशु पालन गर्ने घरहरु पनि टाढाको दुरीमा रहेकाले खोप लगाउँने भ्याक्सिनेटरलाई खोप लगाए वापत प्रति बाख्रा/भेडा दर रु. १०(दस) को दरले पारिश्रमिक उपलब्ध गराउँने सर्वसम्मत निर्णय गरियो।

ज. **संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमाः-**

यस धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालयहरुमा दरबन्दी स्वीकृतीका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तयार गर्नका लागि प्रशासन महाशाखा प्रमुखको अध्यक्षतामा प्रमुख प्रशासकीय अधिकृतले तोकिएको २ जना अधिकृत स्तरको कर्मचारी सहित जम्मा ३ जनाको सदस्य रहने गरी समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

झ. **प्रहरी चौकी सम्बन्धमाः-**

धरान उपमहानगरपालिका वडा नं. १६ मा विभिन्न समयमा आपराधिक कृयाकलापहरु हुने गरेको र भविष्यमा समेत अपराधिक घटनाहरु हुने सम्भावना उच्च रहेका कारण १६ नं. वडाको नौलो वस्तीमा प्रहरी चौकी स्थापनाका लागि वडा कार्यालयबाट माग भए बमोजिम उक्त स्थानमा प्रहरी चौकी स्थापनाका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

ञ. **६ नं वडाको वजेट संशोधन सम्बन्धमाः-**

धरान उपमहानगरपालिका ६ नं. वडाका लागि विनियोजित भएको वजेट देहाय अनुसार हुने गरी कार्यक्रम संशोधनका लागि आगामी नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिल**

घटाउँने

| क्रस | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | प्रदेश स्तरीय भलिबल प्रतियोगिताः- राजश्व बाँडफाट | ८५,०००/- |
| २ | पानबारी रिङ्गरोड स्तरउन्नतीः-आन्तरीक श्रोत | २,००,०००/- |
| ३ | नरसिंह पथ ड्रेन तथा ग्राभेलः- नेपाल सरकार समानीकरण | २,००,०००/- |
| ४ | पानबारी प्रहरी चौकी भवन ट्रस निर्माणः- आन्तरीक | १,५०,०००/- |
| | **जम्मा** | ६,३५,०००/- |

बढाउँने

| क्रस | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | ६ नं वडाको शाखा बाटोमा ग्राभेल लगाई स्तरउन्नती | ४,८५,०००/- |
| २ | पानबारी प्रहरी चौकीको शौचालय निर्माण तथा घेरबारा | १,५०,०००/- |
| | **जम्मा** | ६,३५,०००/- |

**आजको बैठक बेलुकी ५:३० वजे समाप्त भयो ।**

**वैठकको निर्णय माईनटगर्ने : शम्भुप्रसाद पाण्डे**

## धरान उपमहानगरपालिकाका

## कर्मचारीहरुको तह वृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको कार्यविधि-२०८०

कोशी प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश, २०८०" मा गरिएको तह बृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सेवाको (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी धरान उपमहानगरपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "कर्मचारीहरुको तह वृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको कार्यविधि-२०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रशंङ्ग अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अध्यादेश" भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले धरान उपमहानगरपालिका अन्तर्गतको सेवाका पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ। सो शब्दले कर्मचारी समायोजन ऐन २०७५ बमोजिम धरान उपमहानगरपालिकामा समायोजन भएका कर्मचारी साथै संघीय तथा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भै धरान उपमहानगरपालिकामा स्थायी नियुक्ति भएका कर्मचारी समेतलाई जनाउँदछ।

(ग) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धरान उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ङ) "नगर कार्यपालिकाका" भन्नाले धरान उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

३. **तह बृद्धि गर्ने अवधिः** (१) कर्मचारीको तह बृद्धि प्रत्येक आर्थिक वर्षको साउन १ र माघ १ गतेबाट जेष्ठता कायम हुने गरी वर्षको दुई पटक गरिने छ।

(२) उपदफा (१) बमोजिम तह बृद्धिको लागि अध्यादेशको दफा २८ को उपदफा (१) बमोजिमको योग्यता पुरा गरेको हुनु पर्नेछ।

४. **सूचना प्रकाशन गर्नेः** (१) यो कार्यविधि बमोजिम धरान उपमहानगरपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धिका लागि कार्यालयले प्रत्येक वर्षको जेठ महिना र मंसिर महिनामा सम्भाव्य उम्मेदवारहरुका लागि ३० दिनको म्याद दिई दरखास्त आव्हानको सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिदा अनुसुची -१ बमोजिमको ढाँचामा दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रकाशित सूचना नगरपालिकाको सूचना पाटी, वडा कार्यालयहरुको सूचना पाटी र नगरपालिकाको वेव साइटमा प्रकाशन गरिनेछ।

५. **तह बृद्धि सम्बन्धी विशेष व्यवस्थाः** १) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिम स्थानीय तहको सहायक तेस्रो र चौथो तहको पदमा समायोजन भई अध्यादेश जारी हुँदाका दिन सम्ममा पाँच वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई एक पटकका लागि क्रमशः चौथो र पाचौं तहमा स्वतः तह बृद्धि गरिनेछ।

२) .(क) अध्यादेशको दफा ८ को उपदफा (१६) अनुसार निजामती सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पूरा गरेका पाँचौ, सातौ र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रकृया पुरा गरी क्रमशः छैटौं, आठौं र दशौ तहमा एक तह बृद्धि गरिनेछ।

(ख) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम अधिकृत स्तर सातौं र नवौं तहका पदहरुमा दफा २९ को प्रकृया पूरा गरी बढुवा समितिले बढुवा गर्नेछ।

३) उपदफा (१) र (२) बमोजिम तह वृद्धिको लागि सात दिनको समय दिई नगरपालिकाको सूचना पाटी, वडा कार्यालयहरुको सूचना पाटी र नगरपालिकाको वेव साइटमा सूचना प्रकाशन गरिनेछ। तह वृद्धिको लागि योग्य उम्मेदवारले अनुसूची २ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी तोकिएको म्यादभित्र नगर कार्यपालिकाको कार्यालयमा आवेदन दर्ता गराउनु पर्नेछ।

क) स्थायी नियुक्ति पत्रको प्रतिलिपी,

ख) हालको पदमा वढुवा वा स्तरवृद्धि भएको भए सो को प्रतिलिपी,

ग) समायोजन भएको पत्रको प्रतिलिपी,

घ) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी,

ङ) यस उपमहानगरपालिकामा स्थायी दरबन्दी भई अन्यत्र कामकाज गर्न खटिएका कर्मचारीले आफु कार्यरत रहेको कार्यालयमा नियमित रुपमा कामकाज गरि रहेको प्रमाण पेश गर्नु पर्नेछ।

४) उपदफा (३) बमोजिम तह वृद्धिको आवेदन प्राप्त भएपछि सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय गरी तहवृद्धिको पत्र दिईनेछ।

५) यस दफा बमोजिम तह वृद्धि हुने पद स्वतः सृजना हुनेछ। यसरी स्वतः सृजना भई तह वृद्धि भएको पदमा सो कर्मचारी कुनै कारणले वहाल नरहेमा सो पद स्वतः खारेज हुनेछ।

६. <u>निवेदन दिनु पर्ने:</u> (१) दफा (३) बमोजिम तह वृद्धिको लागि अध्यादेश तथा यस कार्यविधि बमोजिम तह बृद्धि हुन अध्यादेशको दफा २८ को उपदफा (१) बमोजिम योग्यता पूरा गरेका स्थायी कर्मचारीले दफा ४ मा तोकिएको म्याद भित्र नगर कार्यपालिकाको कार्यालयमा तह बृद्धिका लागि निवेदन दिनु पर्नेछ।

७. <u>सिफारिस समितिः</u> (१) अध्यादेशको दफा ४(५), दफा ८(१६) र दफा २८ बमोजिम नगरपालिकामा कार्यरत कर्मचारीको तहबृद्धि गर्न दफा २८ (३) अनुरुपको सिफारिस समिति रहनेछ।

(२) सिफारिस समितिको सचिवालयको काम प्रशासन महाशाखाले गर्नेछ।

(३) सिफारिस समितिको वैठकको कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. यस कार्यविधि अनुरुप तहबृद्धि भएका कर्मचारीलाई अनुसुचि ३ बमोजिमको ढाँचामा तह बृद्धिको पत्र दिइनेछ।

९. <u>तह बृद्धि गर्न नहुने:</u> यस कार्यविधि अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ७ को उपदफा (१) बमोजिमको सिमितिले कर्मचारीलाई तह बृद्धिको लागि सिफारिस गर्न पाइने छैनः-

क. निलम्वन भएकोमा निलम्वन भएको अवधिभर,

ख. तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

ग. तलबबृद्धि रोक्का भएकोमा तलबबृद्धि रोक्का भएको अवधिभर,

घ. असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

ङ. स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्वन भएको भए त्यस्तो निलम्वनको अवधिभर।

१०. <u>तह बृद्धि भएका कर्मचारीको सेवा, सुविधाः</u> (१) यस कार्यविधि बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलव भन्दा घटी हुने भएमा खाईपाई आएको तलवभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

११. <u>जानकारी दिनु पर्ने:</u> (१) यस कार्यविधि बमोजिम कार्यालयले गरेको तह बृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

१२. <u>उजुरी, गुनासो र पुनरावेदनः-</u> तह बृद्धिको निर्णय उपर चित्त नबुझेमा प्रदेश लोक सेवा आयोगमा निर्णय सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र उजुरी, गुनासो वा पुनरावेदन गर्न सकिनेछ।

१३. <u>कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः-</u> कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह बृद्धि हुने। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा कामकाजमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह बृद्धि गरिनेछ।

१४. संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरी दिने। यसरी सातौं तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ।

१५. <u>बाधा अड्काउ फुकाउ :</u> यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा नगर कार्यपालिकामा रहनेछ।

१६. <u>प्रचलित कानून बमोजिम हुनेः</u> (१) यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा अध्यादेश बमोजिम हुनेछ।

# प्रदेश लोक सेवा आयोग, कोशी, विराटनगर
## धरान उपमहानगरपालिका द्वारा स्तरवृद्धि/बढुवाका उम्मेदवारको अनुभव, असाधारण विदा र अन्य आवश्यक विवरण सम्बन्धि फाराम

१. कार्य अनुभव सम्बन्धी विवरण (पार्टटाइम सेवा वाहेक)

| क्र. सं. | कार्यालयको नाम र पुरा ठेगाना | पद | सेवा / समूह / उपसमूह | श्रेणी/तह | स्थायी/ अस्थायी/ करार | कार्यरत अवधि | | जम्मा अवधि | | | भौगोलिक क्षेत्र ( वर्ग ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | वर्ष | महिना | दिन | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**२. असाधारण बिदा सम्बन्धि विवरण**

| क्र. सं. | बिदाको अवधि | | जम्मा अवधि | | |
|---|---|---|---|---|---|
| | देखि | सम्म | वर्ष | महिना | दिन |
| | | | | | |
| | | | | | |

३. समावेशी समूहमा (अनुसूचीमा सुचिकृत वाहेक) दरखास्त बुझाउने उम्मेद्वारहरुका लागि

| समावेशी समूह | सिफारिस गर्ने आधिकारिक निकाय/जिल्ला प्रशासन कार्यालय | सिफारिस लिएको मिति |
|---|---|---|
| | | |
| | | |

४. आवेदन दिने पदको लागि चाहिने न्यूनतम शैक्षिक योग्यताको विवरण उल्लेख गर्ने ( Transcript, Provisional र Marksheet मध्ये कुनै एकको मिति अनिवार्य)

| . . | शैक्षिक संस्था | शैक्षिक उपाधीको विवरण | संकाय | श्रेणी / प्रतिशत | मूल विषय | उत्तीर्ण गरेको साल | Transcript जारी मिति | Provisional जारी मिति | Marksheet जारी मिति | चारित्रिक प्रमाणपत्र जारी मिति | समकक्षता लिएको मिति/संस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

मैले आवेदन गरेको पदको लागि यस फाराममा खुलाएका विवरणहरु सत्य छन्। दरखास्त बुझाएको पदको विज्ञापनको लागि आयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। मैले पेश गरेको विवरण झुटा ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेद्वारले पालन गर्ने भनी प्रचलित कानून तथा विज्ञापन हुँदाका बखत तोकिएका सबै शर्त तथा नियमहरु पालना गर्न मञ्जुर गर्दछु।

| उम्मेद्वारको ल्याप्चे सहीछाप | | **उम्मेद्वारको दस्तखत** | **उम्मेद्वारले माथि उल्लेख गरेका अनुभव सम्बन्धी विवरण ठीक छ भनी प्रमाणीत गर्ने विभागीय प्रमुख/कार्यालय प्रमुखको दस्तखत** |
|---|---|---|---|
| दायाँ | वायाँ | **नाम, थर:** | **नाम, थर:** |
| | | **मिति:** | **पद/दर्जा:** |
| | | **Master ID:** | **मिति:** **कार्यालयको छाप** |

अनुसुची २

**कार्यविधिको दफा ५ (३) सँग सम्बन्धित**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय।

विषयः तह बृद्धि गरि पाउँ।

प्रस्तुत सम्बन्धमा यस धरान उपमहानगरपालिकाको तह बृद्धि सम्बन्धी मिति........................... गते प्रकाशित सूचना अनुसार हाल म तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह बृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवदेन पेश गर्दछु।

तपसिल

१. स्थायी नियुक्तिको पत्र।
२. समायोजनको पत्र।
३. बढुवा/स्तरबृद्धि/तहबृद्धि भएको पत्र।
४. नेपाली नागरिकताको प्रमाणपत्र।
५. शैक्षिक योग्यताको प्रमाण पत्र।

| हाल कार्यरत पदः | तब बृद्धि गरेको पदः |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समुह | समुहः |
| स्तरः | स्तरः |
| कार्यालयः | कार्यालयः |

माथि उल्लेख सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला।

निवेदक
नामः
दस्तखतः
क.सं. नम्बरः

अनुसुची ३
कार्यविधिको दफा ८ सँग सम्बन्धित

विषयः <u>तह बृद्धि गरिएको</u>

तपाईलाई नगरकार्यपालिकाको कार्यालयको मिति........................... गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश २०८० को ........................................................ मिति .......................... गतेदेखि जेष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तह बृद्धि गरिएको छ। तह बृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना गर्दछु ।

**तपसिल**

| **हाल कार्यरत पदः** | **तब बृद्धि गरेको पदः** |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समुह | समुहः |
| स्तरः | स्तरः |
| कार्यालयः | कार्यालयः |

श्री..................................................

कर्मचारीको संकेत नं..............................

**बोधार्थ**

.................. .................

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौं
श्री लोक सेवा आयोग, केन्द्रिय कार्यालय, अनामनगर काठमाडौं
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोसी प्रदेश विराटनगर मोरङ्ग।
श्री राष्ट्रिय किताबखाना (निजामती) पुल्चोक ललितपुर।
श्री प्रदेश लोक सेवा आयोग, विराटनगर, मोरङ्ग ।
श्री प्रदेश किताबखाना, विराटनगर, मोरङ्ग।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरी।
श्री कर्मचारी संचयकोष, विराटनगर, मोरङ्ग
श्री आर्थिक प्रशासन महाशाखा, धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय।